मिति:२०७८।०९।२७

गाउँ कार्यपालिकाको बैठक

बैठक क्रसं ८ (२०७८/७९)

आज मिति २०७८।९।२७ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवं गाउँ कार्यपालिकाका अध्यक्ष श्री खगेन्द्रप्रसाद तिवारीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद तिवारी | अध्यक्ष पैंयू गाउँपालिका पैंयू | अध्यक्ष | |
| २ | श्री जसमति गुरुङ्ग | उपाध्यक्ष पैंयू गाउँपालिका पैंयू | सदस्य | |
| ३ | श्री पिताम्वर भुषाल | वडा अध्यक्ष १ नं. वडा कार्यालय | सदस्य | |
| ४ | श्री भिमसेन गुरुङ्ग | वडा अध्यक्ष २ नं. वडा कार्यालय | सदस्य | |
| ५ | श्री विष्णुप्रसाद काफ्ले | वडा अध्यक्ष ३ नं. वडा कार्यालय | सदस्य | |
| ६ | श्री महेन्द्रकुमार श्रेष्ठ | वडा अध्यक्ष ४ नं. वडा कार्यालय | सदस्य | |
| ७ | श्री उमाकान्त भुर्तेल | वडा अध्यक्ष ५ नं. वडा कार्यालय | सदस्य | |
| ८ | श्री थानेश्वर तिवारी | वडा अध्यक्ष ६ नं. वडा कार्यालय | सदस्य | |
| ९ | श्री हर्क बहादुर हमाल | का.वा. वडा अध्यक्ष ७ नं. वडा कार्यालय | सदस्य | |
| १० | श्री कोपिला थापा | सदस्य (महिला) ३ नं. वडा कार्यालय | सदस्य | |
| ११ | श्री जसमाया गुरुङ्ग | सदस्य (महिला) ७ नं. वडा कार्यालय | सदस्य | |
| १२ | श्री रमा न्यौपाने | सदस्य (महिला) ६ नं. वडा कार्यालय | सदस्य | |
| १३ | श्री रुका न्यौपाने | सदस्य (महिला) १ नं. वडा कार्यालय | सदस्य | |
| १४ | श्री खैसरा घर्ती | सदस्य अल्प संख्यक २ नं. वडा कार्यालय | सदस्य | |
| १५ | श्री सुनिता बि.क. सुनार | सदस्य (दलित) ३ नं. वडा कार्यालय | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | स.सचिव | |
| १७ | श्री सरोज पराजुली | लेखा शाखा प्रमुख | अन्य उपस्थिति | |
| १८ | श्री रविन्द्र गौतम | सूचना प्रविधि अधिकृत | अन्य उपस्थिति | |
| १९ | श्री सुवास पौडेल | कम्प्यूटर अपरेटर | अन्य उपस्थिति | |

पैंयू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णयहरु

१. स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सवल र कमजोर पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाबीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराइ स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनार्थको लागि सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तर्जुमा भएको स्थानीय तह संस्थागत क्षमता स्वनमूल्याङ्कन कार्यविधी, २०७७ (पहिलो संशोधन) अनुसार तयार भएको आ.व २०७७/७८ को स्वमूल्याङ्कन नतिजा प्रमुख प्रशासकीय अधिकृतबाट छलफलका लागि कार्यपालिकाको बैठकमा पेश भयो। स्वमूल्याङ्कनका सूचकहरुको तह र अङ्कभार, प्रमाणिकरणको आधार, सूचकहरुको अंकभार गणना लगायतका विषयमा लेखाजोखा समेत भयो। यस पालिकाका सवल र कमजोर क्षेत्रहरुको पहिचान भयो। कमजोर रहेका क्षेत्रहरुको सुधारका लागि कार्ययोजना सहित अघि बढ्ने सहमति भई पेश भएको स्वमूल्याङ्कनको नतिजा स्वीकृत गरी गाउँसभामा छलफल र अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

२. चालू आ.व. ०७८/७९ का लागि थप योजना र आठौं गाउँसभाबाट पास भएका योजना तथा कार्यक्रमहरु संशोधनका लागि लगत्तै वस्ते गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने ।

३. वडा नं.६ कार्यालयको भवन निर्माणका लागि साविक सरौंखोला गा.वि.स.वडा नं.९ हाल पैयूँ गाउँपालिका वडा नं.६ सरौं फाँटको सोतोका श्री निलकण्ठ तिवारी (ने.ना.प्र.प.नं.८०११) ले कित्ता नं.९२९ क्षेत्रफल (२-११-०-१) बाट पूर्व तर्फ (१-६-०-३) क्षेत्रफल छाडी सो देखि पश्चिम भाग हुने गरी १-०-०-० क्षेत्रफल बरावरको जग्गा निशुल्क जग्गादानका लागि मञ्जुरीनामा दिनुभएकाले उक्त जग्गा ६ नं. वडाको केन्द्रमा पर्ने र प्राविधिक दृष्टिकोणले समेत उपयुक्त भएकाले उक्त जग्गा रजिष्ट्रेशन पासका लागि सहयोग समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयलाई अनुरोध गर्ने । साथै उक्त कार्यका लागि प्रमुख प्रशासकीय अधिकृत श्री केशव लामिछानेलाई खटाउने ।

४. गाउँ कार्यपालिकाको आगामी बैठक मिति २०७८।०९।२८ गते वस्ने निर्णय गरियो।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३